म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २१२ बिहीबार, ५ चैत २०८२ ने. सं. ११४६ चिल्लागा 19 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ३९० घण्टे बारिष्ठा तालिम सुरु

हेटौंडा, ४ चैत/मकवानपुरको मनहरी गाउँपालिकामा ३९० घण्टे बारिष्ठा तालिम सुरु भएको छ । प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद् हेटौंडा र मनहरी गाउँपालिकाको आर्थिक सहयोगमा नि:शुल्क बारिष्ठा तालिमको मंगलबार उद्घाटन गरिएको हो । मनहरी गाउँपालिका-३ का वडाअध्यक्ष, सामाजिक विकास समितिका संयोजक अनन्तप्रकाश अर्यालको सभाध्यक्षतामा भएको तालिम उद्घाटन कार्यक्रममा प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद् हेटौंडा मकवानपुरका कार्यकारी निर्देशक डा.शान्ति लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा मनहरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेश सुबेदीको विशिष्ट आतिथ्यता रहेको थियो । मनहरी गाउँपालिका वडा नम्बर १ देखि ९ सम्मका २६ जनाको सहभागिता रहेको तालिममा प्रमुख प्रशिक्षकका रुपमा जगदीश बिडारी रहनेछन् । मनहरी गाउँपालिका सामाजिक विकास शाखाप्रमुख ज्ञानेन्द्र ढकालले कार्यक्रमको सहजीकरण गरेका थिए ।

### जेनजी आन्दोलनमा क्षति पुगेका भौतिक संरचनाको मर्मत अन्तिमचरणमा

# भौतिक मन्त्री देवकोटाद्वारा निरीक्षण

संजीव सुनार

हेटौंडा, ४ चैत/बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले जेनजी आन्दोलनका क्रममा क्षति पुगेका प्रदेशका भौतिक संरचना तथा सरकारी कार्यालयको मर्मतसम्भार कार्यको स्थलगत अनुगमन गरेका छन् ।

मन्त्री डा.देवकोटा सहितको टोलीले हेटौंडास्थित ४ वटा मन्त्रालय रहेको पाँचतले भवन, बागमती प्रदेशका प्रमुख सचिवको निवासलगायत क्षतिग्रस्त भवनको निरीक्षण गरेको हो । अनुगमन टोलीमा मन्त्रालयका सचिव ईश्वर चन्द्र मरहठ्ठा र सहरी विकास तथा भवन निर्माण महाशाखाप्रमुख भूपेन्द्रकुमार यादव सहभागी थिए । निरीक्षणका क्रममा सञ्चारकर्मीसँग कुरागर्दै मन्त्री डा.देवकोटाले आन्दोलनबाट क्षति पुगेका भवनको काठमाडौंबाट 'स्ट्रक्चरल इन्जिनियर' ल्याएर प्राविधिक मूल्यांकन गराइएको र सोही आधारमा पुनर्निर्माण अघि बढाइएको जानकारी दिएका छन् । मर्मत गरेर प्रयोगमा ल्याउन सकिने भवनको काम अन्तिमचरणमा पुगेको उनले बताए ।

'पाँच-छ महिनाको अवधिमै निर्माण व्यवसायी र मन्त्रालयको टिमको सहकार्यमा पुरानै अवस्थामा फर्काउने गरी धेरै काम सम्पन्न भएको छ,' मन्त्री देवकोटाले भने, 'भत्काएर पुन:निर्माण गर्नुपर्ने प्रदेशको सभाहल र सहरी विकास तथा भवन कार्यालय मकवानपुरको पुरानो भवन कसरी निर्माण गर्ने भन्ने विषयमा अर्थ



मन्त्रालयसँग छलफल भइरहेको छ ।'

सहरी विकास तथा भवन महाशाखाप्रमुख यादवका अनुसार ठूलो क्षति पुगेको हेटौंडा उपमहानगर पालिका-१ स्थित भौतिक पूर्वाधार विकास मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय, र खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय गरी चारवटा मन्त्रालय बसेको भवन, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सामाजिक विकास मन्त्रालय, प्रमुख सचिव निवास, प्रदेशसभा सचिवालय (ब्लक 'बी' र 'सी') मर्मतसम्भार अन्तिमचरणमा पुगेको छ ।

यही चैत मसान्तभित्र मर्मतको काम सक्ने मन्त्रालयको लक्ष्य छ । मर्मतपछि प्रयोग गर्न मिल्ने भवन पुनर्निर्माणका लागि अर्थ मन्त्रालयबाट ६ करोड २४ लाख रुपैयाँ बजेट सुनिश्चित भएको थियो । '३ करोड ९५ लाख रुपैयाँमा ठेक्का सम्झौता भई काम अन्तिम अवस्थामा पुगेको छ,' प्रमुख यादवले भने, 'जसमध्ये ५ वटा भवन हप्ता १५ दिनभित्र पूर्णरुपमा सम्पन्न गरी हस्तान्तरण गर्दैछौं ।' सानो बजेटबाट तत्काल मर्मत गरेर प्रयोगमा ल्याउन सकिने प्रदेश मातहतका कार्यलयका भवनहरु स्वयम् कार्यालयद्वारा मर्मतको काम सम्पन्न भई संचालनमा आएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सचिव मरहठ्ठाले भौतिक संरचनाको मर्मत अन्तिमचरणमा पुगेसँगै सेवाप्रवाहलाई पुरानै लयमा फर्काउने तयारी भइरहेको जानकारी दिएका छन् । उनकाअनुसार मर्मत भइरहेको मुख्य भवनमा गरिबी निवारण, खानेपानी तथा ऊर्जा, कृषि र यातायात मन्त्रालयको व्यवस्थापन गरिनेछ । 'प्रमुखसचिवको निवासको मर्मतकार्य सकिएको छ । स्वास्थ्य मन्त्रालय रहेको भवनको पनि मर्मत भइरहेको छ र त्यहाँ आवश्यकता अनुसार मन्त्रालय राखिनेछ,' सचिव मरहठ्ठाले भने, 'क्षतिग्रस्त सबै सरकारी कार्यालयको मर्मतकार्य सकेर छिट्टै पुरानै अवस्थामा कार्यालय व्यवस्थापन गर्ने चरणमा हामी पुगेका छौं ।'

जेनजी आन्दोलनका क्रममा बागमती प्रदेश सरकार मातहतका कार्यालय, भवन, सवार ीसाधन र जिन्सी गरी कुल ९० करोड १ लाख ९१ हजार रुपैयाँ बराबरको सम्पत्ति क्षति भएको थियो । आर्थिक मामिला तथा योजना मन्त्रालयले दिएको प्रारम्भिक विवरणअनुसार काठमाडौं, चितवन, ललितपुर, भक्तपुर र मकवानपुरका प्रदेश सरकारका २६ वटा कार्यालय र ६० वटा भवनमा क्षति पुगेको थियो । जसअन्तर्गत काठमाडौंमा २ वटा कार्यालयका ३ वटा भवन, चितवनमा ३ वटा कार्यालयका १० वटा भवन, भक्तपुरमा एउटा कार्यालयका २ वटा भवन, मकवानपुरमा १७ वटा कार्यालयका ४० वटा भवन र ललितपुरमा ३ वटा कार्यालयका ५ वटा भवन गरी जम्मा ४७ करोड ९३ लाख ५४ हजार रुपैयाँ बराबरको भौतिक क्षति भएको थियो ।

यस्तै, सवारीसाधनतर्फ १४२ वटा दुईपांग्रे र ५३ वटा चार पांग्रे गरी २१ करोड ६७ लाख ५५ हजार रुपैयाँ बराबरको क्षति पुगेको थियो भने २० करोड ४० लाख ८१ हजार रुपैयाँ बराबरको जिन्सी सामग्री नष्ट भएको थियो । भौतिक पूर्वाधार विकास मन्त्रालयको अगुवाइमा काठमाडौंबाट आएका दुई विज्ञसहितको टोलीले हेटौंडास्थित विभिन्न मन्त्रालय, प्रदेश सभाहल, कार्यालय र निकायका भवनको प्राविधिक मूल्यांकन गरेको थियो । प्राविधिकको टोलीले आधुनिक उपकरण प्रयोग गरी ११ वटा क्षतिग्रस्त भवनको जाँचबुझ गरेकोमा १० वटा भवन तत्काल प्रयोगका लागि अयोग्य देखिएका थिए ।

क्षतिग्रस्त भवनको प्राविधिक अवस्था बताउन तत्काल प्रयोग गर्न मिल्ने 'हरियो', मर्मतपछि प्रयोग गर्न मिल्ने 'पहेँलो' र पूर्णरुपमा असुरक्षित तथा पुनर्निर्माण गर्नुपर्ने 'रातो' गरी तीनश्रेणीमा वर्गीकरण गरिएको थियो ।

# चित्लाङमा उपभोक्ता अधिकारसम्बन्धी अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/विश्व उपभोक्ता अधिकार दिवस २०८२ को अवसरमा थाहा नगरपालिका-९ चित्लाङस्थित चित्लाङ रिसोर्टमा अन्तरक्रिया तथा अभिमुखीकरण भएको छ ।

कार्यक्रमको आयोजना उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय हेटौंडाले गरेको हो भने सहआयोजनामा उद्योग तथा वाणिज्य कार्यालय मकवानपुर रहेको कार्यक्रमको अध्यक्षता उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका सचिव जीवलाल भुसालले गरेका हुन् । कार्यक्रममा प्रमुखअतिथि बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री बिन्दु श्रेष्ठको थिइन् । थाहा नगरपालिका प्रमुख विष्णु बिष्ट, इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी तथा थाहा नगर पालिका उपप्रमुख भरत गोपाली लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा निर्देशनालयका निर्देशक यादवनाथ आचार्य, उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुसाल, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकाललगायत विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको उपस्थिति रहेको थियो । कार्यक्रमको उद्देश्यबारे उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख रामप्रसाद भुसालले प्रकाश पार्दै उपभोक्ता अधिकार संरक्षण, बजार अनुगमन सुदृढीकरण तथा सचेतना अभिवृद्धि गर्ने लक्ष्य रहेको बताएका थिए ।

राष्ट्रिय उपभोक्ता अधिकार मञ्चका अध्यक्ष प्रेमलाल महर्जन र उपभोक्ता हितसंरक्षण मञ्चका उपाध्यक्ष बासु खतिवडाले उपभोक्ता अधिकारसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै वर्तमान चुनौती र समाधानका उपायबारे जानकारी गराए ।

निर्देशनालयका निर्देशक आचार्यले निर्देशनालयबाट उपभोक्ता अधिकार प्रवर्द्धनका लागि गरिएका गतिविधिबारे प्रस्तुती दिँदै बजार अनुगमन, जनचेतना कार्यक्रम तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउँदै लगिएको बताए । कार्यक्रममा थाहा नगरप्रमुख बिष्ट, इन्द्रसरोवर गाउँपालिका अध्यक्ष पुडासैनी तथा थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष ढकालले उपभोक्ता हित संरक्षणका लागि स्थानीय तह, निजीक्षेत्र र सरोकार वालाबीच सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे ।

कार्यक्रमका प्रमुखअतिथि मन्त्री श्रेष्ठले उपभोक्ता अधिकार संरक्षण सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै बजारमा हुने ठगी, कालोबजारी तथा गुणस्तरहीन वस्तुको नियन्त्रणका लागि कडा अनुगमन गरिने बताइन् । 'उपभोक्ता सचेत भएमात्र अधिकार सुनिश्चित हुन्छ, त्यसैले राज्यले नीति तथा कानुन बनाउने मात्र होइन, त्यसको प्रभावकारी कार्यान्वयनमा पनि जोड दिनेछ,' उनले भनिन् । उपभोक्ताको हितमा काम गर्ने निकायलाई थप सशक्त बनाउँदै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाउनेतर्फ सरकार प्रतिबद्ध रहेको मन्त्री श्रेष्ठले बताइन् । कार्यक्रमले उपभोक्ता अधिकार संरक्षण, सचेतना अभिवृद्धि तथा सरोकारवाला निकायबीच समन्वय सुदृढ गर्ने विश्वास लिइएको छ ।

# कर्जामा थपिए तीन क्षेत्र



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/नेपाल राष्ट्र बैंकले प्राथमिकताप्राप्त क्षेत्रमा कर्जा प्रवाहसम्बन्धी व्यवस्था संशोधन गर्दै तीन नयाँक्षेत्र थपेको छ ।

नयाँ व्यवस्थाअनुसार अब पर्यटन, सूचनाप्रविधि र स्वदेशी कच्चापदार्थमा आधारित निर्यातमूलक उद्योगलाई प्राथमिकता क्षेत्रमा समेटिएको छ । राष्ट्र बैंकले ती क्षेत्रमा कर्जा अनुपात कायम गर्ने प्रावधानलाई लचक बनाउनुका साथै प्राथमिकता क्षेत्रको दायरा पनि विस्तार गरेको हो । नयाँ व्यवस्था अनुसार अब कृषि, लघु, घरेलु तथा सानाउद्यम र ऊर्जा क्षेत्रसँगै पर्यटन, सूचनाप्रविधि तथा स्वदेशी कच्चापदार्थमा आधारित निर्यातमूलक उद्योगसमेत प्राथमिकता प्राप्त क्षेत्रमा समावेश गरिएको छ ।

यसअघि विकास बैंक र फाइनान्स कम्पनीलाई पर्यटनक्षेत्रमा अनिवार्य लगानीको व्यवस्था भएपनि अब वाणिज्य बैंकका लागि पनि यी क्षेत्र समेटिएको छ । राष्ट्र बैंकले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षापछि जारी गरेको सर्कुलरमार्फत बैंकमा थुप्रिएको लगानीयोग्य रकमलाई उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्न यस्तो व्यवस्था गरिएको जनाएको छ । संशोधित प्रावधानअनुसार वाणिज्य बैंकले २०८३ पुस मसान्तदेखि न्यूनतम १० प्रतिशत कर्जा कृषिक्षेत्रमा प्रवाह गर्नुपर्ने छ । यसअघि भने कृषिक्षेत्रमा चरणबद्धरुपमा १५ प्रतिशतसम्म पुऱ्याउनुपर्ने लक्ष्य राखिएको थियो ।

त्यसैगरी सोही अवधिदेखि कुल कर्जा सापटीको कम्तिमा २० प्रतिशत पर्यटन, ऊर्जा, लघु तथा सानाउद्यम, सूचनाप्रविधि र निर्यातमूलक उद्योगमा लगानी गर्नुपर्नेछ । लघु तथा साना उद्यमका लागि तीन करोड रुपैयाँसम्म र उत्पादनमूलक उद्योगका लागि पाँच करोड रुपैयाँसम्मको सीमा तोकिएको छ । नयाँ व्यवस्थाले कृषिक्षेत्रमा न्यूनतम १० प्रतिशतभन्दा बढी कर्जा प्रवाह गरेका बैंकलाई अन्य प्राथमिकता क्षेत्रमा कमी भएमा सो अतिरिक्त कर्जालाई गणना गर्न पाउने सुविधा दिएको छ । यसले लक्ष्य पूरागर्न नसक्दा जरिबाना भोग्दै आएका बैंकलाई राहत मिल्ने अपेक्षा गरिएको छ ।

# बिहान सांसदलाई प्रमाणपत्र प्रदान, दिउँसो राष्ट्रपतिसमक्ष प्रतिवेदन



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/निर्वाचन आयोगले प्रतिनिधिसभामा समानुपातिक प्रणालीबाट सांसद भएकाहरुलाई बिहीबार बिहान प्रमाणपत्र प्रदान गर्ने भएको छ ।

आयोगका प्रवक्ता सहसचिव नारायणप्रसाद भट्टराईले बिहान ११ बजे आयोगमा समानुपातिक प्रणालीबाट निर्वाचित भएका सांसदहरुलाई प्रमाणपत्र वितरण गर्ने जानकारी दिए । 'बिहान ११ बजे समानुपातिक प्रणालीबाट निर्वाचित हुनुभएका सांसदहरुलाई प्रमाणपत्र वितरण गर्ने कार्यक्रम तय भएको छ,' प्रवक्ता भट्टराईले भने । समानुपातिकतर्फ प्रतिनिधिसभामा ११० सांसद निर्वाचित हुन्छन् । आयोगले राजनीतिक दलले प्राप्त गरेको मतका आधारमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई ५७, नेपाली कांग्रेसलाई २०, नेकपा एमालेलाई १६, नेपाली कम्युनिस्ट पार्टीलाई ९ तथा श्रमसंस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीलाई ४/४ सांसद दिने निर्क्यौल गरिसकेको छ ।

आयोगका प्रवक्ता भट्टराईले बिहान प्रमाणपत्र वितरण गरेपछि बिहीबार दिउँसो प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाउने तय भएको जानकारी दिए । बिहीबार अपराह्न ४ बजे राष्ट्रपति कार्यालय शीतलनिवासमा प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी प्रतिवेदन बुझाउने समय तय भएको छ । आयोगले राष्ट्रपति पौडेललाई प्रतिवेदन बुझाएपछि साँझ साढे ५ बजे पत्रकार सम्मेलन गरेर निर्वाचनसम्बन्धी सम्पूर्ण जानकारी दिने बताएको छ । फागुन २१ गते मुलुकभर प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएको थियो । आयोगले निर्वाचनसम्बन्धी नतिजा सार्वजनिक गरिसकेको छ ।



साझाकुरा

## हाम्रो कुरा

# ८ महिनामा २२ प्रतिशत खर्च

पछिल्ला वर्षमा सरकारले पुँजीगत खर्च गर्न नसक्ने अवस्था सृजना भएको छ । कर्मचारी संयन्त्रमा काम गर्ने मानसिकताको कमी, अख्तियारलगायत निकायको त्राश, कमिशनको चक्र, झण्झटिलो प्रणाली आदि कारणले पुँजीगत खर्च खुम्चँदै गएको हो । चालु आर्थिक वर्ष सकिन ४ महिना मात्र बाँकी हुँदा बागमती प्रदेश सरकारले कुल बजेटको २२ दशमलव ३१ प्रतिशत मात्रै बजेटखर्च गर्न सकेको छ । कुल ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले ८ महिनाको अवधिमा १५ अर्ब ५ करोड ८ लाख रुपैयाँ अर्थात् २२ दशमलब ३१ प्रतिशत मात्र खर्च गरेको हो । आर्थिक वर्षको बाँकी ४ महिनामा सरकारले ७७ दशमलब ६९ प्रतिशत बजेटखर्च गर्नुपर्ने दबाब सिर्जना भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका पुँजीगतखर्चको अवस्था निकै नाजुक देखिएको छ । पुँजीगत बजेटतर्फ विनियोजित ४१ अर्ब ४३ करोड ३५ लाख रुपैयाँमध्ये जम्मा ७ अर्ब ९ करोड १८ लाख अर्थात् १७ दशमलब १२ प्रतिशत मात्र खर्च भएको छ । विकासका लागि छुट्ट्याइएको ८३ प्रतिशतभन्दा बढी बजेट अझै खर्च हुन सकेको छैन । चालुखर्च भने तुलनात्मकरुपमा बढी गरेको छ ।

चालुतर्फको २६ अर्ब ४ करोड ३७ लाख ९९ हजार बजेटमध्ये ३० दशमलब ५६ प्रतिशत अर्थात् ७ अर्ब ९५ करोड ९० लाख २५ हजार रुपैयाँ खर्च भएको हो । नवयुवा आन्दोलनका कारण प्रदेश सरकारका संरचनाहरु क्षतिग्रस्त भएको, प्रदेश सरकारका निकायले राम्ररी काम गर्न नसकेको र बजेट कार्यान्वय हुन नसक्दा प्रदेश सरकारको खर्च कम देखिएको मन्त्रालयले जनाएको छ । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बजेटखर्च कम देखिएपनि काम नभएको भन्न नमिल्ने जिकिर गरेका छन् । जेनजी आन्दोलन, चाडपर्व, पार्टीका अधिवेशन, निर्वाचनलगायतको कारण विगतको तुलनामा बजेटखर्च कम देखिएको उनको धारणा छ । बजेटखर्च प्रणालीलाई सुधार गर्न संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने उनले उल्लेख गरेका छन् । प्रदेश सरकारका १३ मन्त्रालय तथा मातहतको निकायमध्ये सबैभन्दा बढी श्रम, रोजगार तथा यातायात मन्त्रालयले बजेट खर्च गरेको छ । यो मन्त्रालयले आफ्नो वार्षिक बजेटको ३८ दशमलब ४५ प्रतिशत अर्थात् २७ करोड ७६ लाख रुपैयाँ खर्च गरेको छ । स्वास्थ्य मन्त्रालयले १ अर्ब ३१ करोड ३६ लाख रुपैयाँ ३७ दशमलब १० प्रतिशत, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ३४ दशमलब ५३ प्रतिशत अर्थात् ७ करोड ७५ लाख रुपैयाँ खर्च गरेको छ । प्रदेश सरकारले सबैभन्दा बढी बजेट विनियोजन गरेको भौतिक पूर्वाधार विकास मन्त्रालयले २३ दशमलब ४६ प्रतिशतमात्र बजेट खर्च गरेको छ । पूर्वाधार विकासतर्फको सम्पूर्ण काम गर्दै आएको यो मन्त्रालयले ८ महिनामा ५ अर्ब ५ करोड ३ लाख रुपैयाँ खर्च गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले १ करोड १८ हजार रुपैयाँ अर्थात् २५ दशमलब १७ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले ६ करोड ९१ लाख रुपैयाँ अर्थात् ३३ दशमलब २४ प्रतिशत, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले १४ करोड ७३ लाख रुपैयाँ अर्थात् २२ दशमलब ७२ प्रतिशत बजेटखर्च गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ३८ करोड ६४ लाख रुपैयाँ अर्थात् १७ दशमलब ७५ प्रतिशत, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले १ अर्ब २९ करोड ६ लाख रुपैयाँ अर्थात् १९ दशमलब ७१ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १७ करोड २७ लाख रुपैयाँ अर्थात् ३३ दशमलब ३९ प्रतिशत खर्च भएको छ ।

संस्कृति तथा पर्यटन मन्त्रालयले २४ करोड ५६ लाख अर्थात् ७ दशमलब ६३ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले १ अर्ब ३ करोड ६९ लाख रुपैयाँ अर्थात् २८ दशमलब २२ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले १२ करोड १७ लाख अर्थात् १२ दशमलब ०७ प्रतिशत, सामाजिक विकास मन्त्रालयले ७४ करोड ६६ लाख रुपैयाँ अर्थात् २० दशमलब ९० प्रतिशत खर्च गरेको छ । प्रदेश व्यवस्थापिकाले १० करोड ५६ लाख रुपैयाँ अर्थात् ३७ दशमलब ९२ प्रतिशत, प्रदेश लोकसेवा आयोगले ३ करोड ७९ लाख रुपैयाँ अर्थात् ४३ दशमलब ८५ प्रतिशत, मुख्य न्यायाधीवक्ताको कार्यालयले ९२ लाख रुपैयाँ अर्थात् ३७ दशमलब १० प्रतिशत खर्च गरेको छ । प्रदेश नीति तथा योजना आयोगको चालु र पुँजीगतखर्च निकै न्यून छ भने कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा र विविध शीर्षकमा छुट्ट्याइएको ४ अर्ब ४२ करोडभन्दा बढी फागुन मसान्तसम्म खर्च हुन सकेको छैन ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत ६ गते शुक्रबार २० मार्च २०२६ । द्वितीया, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:१० सूर्यास्त ६:१४ । अन्तर्राष्ट्रिय खुशी दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारीकार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृहकलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानि |

# नेपाली राजनीतिलाई युवा पुस्ताले दिएको नयाँ मोड



✍ कालीबहादुर घर्ती मगर

नेपालको राजनीतिक इतिहास परिवर्तन, संघर्ष र जनआन्दोलनहरूको एउटा लामो र बलिदानीपूर्ण यात्राबाट निर्माण भएको छ, जहाँ हरेक कालखण्डका मोडहरूमा युवा शक्तिको भूमिका मेरुदण्डका रूपमा रहेको देखिन्छ । २००७ सालको राणाशासन विरुद्धको प्रजातान्त्रिक आन्दोलनदेखि, २०४६ सालको निर्दलीय पञ्चायत विरुद्धको जनआन्दोलन र २०६२/६३ को ऐतिहासिक जनआन्दोलनसम्म आइपुग्दा युवाहरूले सधैं अग्रपङ्क्तिमा उभिएर तानाशाहीतन्त्र विरुद्ध धावा बोलेका थिए ।

लोकतन्त्रको स्थापना, संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा र समावेशी संविधान निर्माण जस्ता युगान्तकारी उपलब्धिहरूमा नेपाली युवाहरूको रगत र पसिनाको मूल्य अमूल्य छ, तर इतिहासको एउटा तितो यथार्थ के रह्यो भने आन्दोलनको राँको बाल्ने र सडक तताउने युवाहरू कहिल्यै सत्ता सञ्चालन र नीति निर्माणको निर्णायक कुर्सीमा पुग्न सकेनन् । उनीहरू प्राय: राजनीतिक दलका "आन्दोलनकारी दस्ता" वा सत्ता प्राप्तिका "सारथि" मात्र बने, तर मुलुकको भविष्य कोर्ने "निर्णायक चालक" बन्ने अवसरबाट सधैं वञ्चित गरिए । यही कारणले गर्दा नेपाली राजनीतिमा दशकौंसम्म एउटै अनुहार र पुरानो पुस्ताको एकाधिकार एवं प्रभुत्व कायम रह्यो, जसले गर्दा राजनीतिमा नयाँ विचार, प्रविधि र उत्साहको खडेरी देखिन थाल्यो । तर पछिल्ला केही वर्षमा नेपाली राजनीतिको क्षितिजमा एउटा फरक र आशालाग्दो तरंग देखा परेको छ ।

युवाहरू अब केवल झण्डा बोक्ने कार्यकर्ता वा नारा लगाउने भीड मात्र नभई, नीति निर्माणको थलो र नेतृत्व तहमा हस्तक्षेपकारी उपस्थितिका साथ प्रवेश गर्न थालेका छन् । यो परिवर्तनले नेपाली राजनीतिलाई केवल पात्र परिवर्तनको दिशामा मात्र होइन, बरु एउटा नयाँ वैचारिक र संस्कारगत मोडतर्फ डोऱ्याउन थालेको छ, जसले राजनीति भित्रैबाट शुद्धीकरण र रूपान्तरणको ठोस सम्भावनालाई बलियो बनाएको छ ।

विगत केही वर्षदेखि नेपाली राजनीतिमा देखिएको यो परिवर्तन सामान्य सहभागिता मात्र नभएर एउटा सशक्त र प्रभावकारी हस्तक्षेप हो, जसको जग देशभित्र व्याप्त राजनीतिक असन्तुष्टि, बढ्दो भ्रष्टाचार, विकासको कछुवा गति र पुराना नेताहरूको असान्दर्भिक भइसकेको कार्यशैलीमा अडिएको छ । लामो समयसम्म एउटै नेतृत्वले शासन सत्ता सम्हाल्दा र डेलिभरीमा चुक्दा विशेषगरी नयाँ पुस्तामा राजनीतिप्रति गहिरो वितृष्णा र उदासीनता फैलिएको थियो । धेरै युवाले राजनीतिलाई फोहोरी खेल र व्यक्तिगत स्वार्थसिद्ध गर्ने थलोका रूपमा बुझ्न थालेका थिए, जसले गर्दा ऊर्जाशील जनशक्ति विदेश पलायन हुन बाध्य भयो । तर यही चरम निराशा र आक्रोशको बीचबाट एउटा नयाँ राजनीतिक चेतनाको प्रस्फुटन भयो, जसले "परिवर्तनका लागि राजनीतिमा छिर्नैं पर्छ" भन्ने मान्यतालाई स्थापित गऱ्यो ।

युवाहरूले अब पुरानो राजनीतिक सिन्डिकेट र पारिवारिक विरासतलाई चुनौती दिन थालेका र वैकल्पिक राजनीतिको खोजी तीव्र पारेका छन् । दशकौंदेखि नेपाली राजनीति केही सीमित शीर्ष नेताहरूको मुट्ठीमा कैद जस्तो देखिन्थ्यो, जहाँ दलभित्र आन्तरिक लोकतन्त्रको अभाव र नेतृत्व हस्तान्तरणको प्रक्रिया अत्यन्तै सुस्त थियो । राजनीतिक दलहरू भित्रै मौलाएको गुटबन्दी, नातावाद, कृपावाद र पदको छिनाझपटीले आम जनतामा निराशाको पराकाष्ठा पुऱ्याएको बेला २०७९ सालको स्थानीय तहको निर्वाचन र त्यसपछिका संसदीय निर्वाचनहरूले नेपाली राजनीतिको दिशा नै बदलिदिए । मतदाताहरूले परम्परागत दलीय घेराभन्दा माथि उठेर नयाँ अनुहार, नयाँ सोच र भिजन भएका उम्मेदवारहरूलाई विश्वास गर्न थाले, जसले गर्दा नेपाली राजनीतिमा युवा पुस्ताको प्रवेश एउटा बाढीका रूपमा देखा पऱ्यो ।

स्थानीय तहको निर्वाचनले यो परिवर्तनको सबैभन्दा ठूलो र स्पष्ट संकेत दियो, जब काठमाडौं महानगरपालिकामा बालेन शाह र धरान उपमहानगरपालिकामा हर्क साम्पाङ जस्ता स्वतन्त्र उम्मेदवारहरूको उदय भयो । उनीहरूको विजय केवल एउटा चुनावी जित मात्र थिएन, यो त स्थापित दलहरूको कार्यशैली र अहंकार विरुद्धको मौन विद्रोह थियो । उनीहरूले कुनै ठूलो राजनीतिक संगठन र आर्थिक स्रोत विना नै केवल स्पष्ट भिजन, कार्ययोजना र जनतासँगको प्रत्यक्ष संवादका भरमा चुनाव जित्न सकिन्छ भन्ने प्रमाणित गरिदिए । यसले देशभरका युवाहरूमा "हामी पनि राजनीतिमा आएर प्रणाली परिवर्तन गर्न सक्छौं" भन्ने गहिरो आत्मविश्वास र ऊर्जा पैदा गऱ्यो । त्यसैगरी, पछिल्लो प्रतिनिधिसभा निर्वाचनले त यो लहरलाई राष्ट्रिय स्वरूप नै प्रदान गऱ्यो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता नयाँ शक्तिहरूको आकस्मिक उदय र विभिन्न पार्टीका युवा उम्मेदवारहरूको जितले पुराना र स्थापित दलहरूलाई आफ्नो अस्तित्व रक्षाका लागि समेत आत्मसमीक्षा गर्न बाध्य तुल्याएको छ ।

२०८२ फागुन २१ गते सम्पन्न निर्वाचनको परिणामले त झन् नेपाली मतदाताको मनोविज्ञानमा आएको व्यापक फेरबदललाई छर्लङ्ग पारेको छ । अबको मतदाता केवल पार्टीको झण्डा वा पुर्खाको योगदानका आधारमा मतदान गर्ने पक्षमा छैनन्ह उनीहरू त उम्मेदवारको व्यक्तिगत योग्यता, इमानदारी, शैक्षिक पृष्ठभूमि र डेलिभरी गर्ने क्षमतालाई तौलन थालेका छन् । यो परिवर्तनले नेपाली राजनीतिमा एउटा नयाँ मानक स्थापित गरेको छ, जहाँ काम नगर्ने नेताहरूलाई जनताले जुनसुकै बेला तिरस्कार गर्न सक्छन् भन्ने सन्देश प्रवाह भएको छ ।

युवा पुस्ताको यो बढ्दो प्रवेशसँगै राजनीतिक एजेन्डाहरूमा पनि आधारभूत परिवर्तन महसुस गर्न सकिन्छ । पुराना पुस्ताका नेताहरूले प्राय: जेलनेलको इतिहास, सशस्त्र संघर्ष र त्यागका कथाहरू सुनाएर जनमत बटुल्ने प्रयास गर्थे, तर नयाँ पुस्ताका नेताहरू "परिणाममुखी राजनीति" (रिजल्ट ड्रिभन पोलिटिक्स) लाई आफ्नो मूलमन्त्र मान्छन् । उनीहरूका लागि केवल लोकतन्त्रको कुरा गर्नु पर्याप्त छैन, बरु त्यो लोकतन्त्रले आम नागरिकको जीवनमा कस्तो सुधार ल्यायो भन्ने कुरा मुख्य हो । सुशासन, भ्रष्टाचार नियन्त्रण, पारदर्शिता र उत्तरदायित्व नयाँ पुस्ताका प्रमुख एजेन्डा बनेका छन् । लामो समयदेखि नीतिगत भ्रष्टाचार र बिचौलियाहरूको चंगुलमा फसेको नेपाली राज्य संयन्त्रलाई ट्र्याकमा ल्याउन युवाहरूले संसद्देखि सडकसम्म बुलन्द आवाज उठाइरहेका छन् । उनीहरू सरकारी निर्णय प्रक्रियालाई प्रविधिमैत्री र पारदर्शी बनाउन जोड दिन्छन्, ताकि भ्रष्टाचारका छिद्रहरू बन्द हुन सकून् ।

आजको डिजिटल युगमा प्रविधिको प्रयोगलाई शासन व्यवस्थाको अभिन्न अंग बनाउन युवा नेतृत्वले गरेको पहल सराहनीय छ । ई-गभर्नेन्सको अवधारणा, सरकारी सेवाहरूको अनलाइन विस्तार र प्रशासनिक झन्झटको अन्त्य उनीहरूको प्राथमिकतामा छ, जसले गर्दा सर्वसाधारणले घरमै बसेर राज्यको सेवा पाउन सकून् र बिचौलियाको भर पर्नु नपरोस् । यसका साथै, शिक्षा र स्वास्थ्य जस्ता मौलिक हकहरूलाई व्यापारिक वस्तुबाट हटाएर गुणस्तरीय र पहुँचयोग्य बनाउन युवा नेतृत्वको चासो बढेको छ । देशको श्रमशक्ति विदेश पलायन भइरहेको अवस्थामा स्वदेशमै उद्यमशीलताको विकास र रोजगारी सिर्जना गर्ने आर्थिक एजेन्डामा युवाहरूले नयाँ दृष्टिकोण अघि सारेका छन् ।

यद्यपि, युवाहरूको यो उत्साहजनक प्रवेशका बीचमा चुनौतीका चाङहरू पनि उत्तिकै छन् । नेपालको राजनीतिक र प्रशासनिक संरचना अझै पनि परम्परागत र नोकरशाही सोचबाट ग्रसित छ, जहाँ नयाँ विचारलाई सहजै स्वीकार गर्ने वातावरण छैन । स्थापित दलहरूभित्रको पदसोपान (हाइन्यार्की) यति कडा छ कि सक्षम युवाहरूलाई पनि निर्णायक तहमा पुग्न वर्षौं कुर्नुपर्ने वा नेतृत्वको चाकडी गर्नुपर्ने बाध्यता अझै विद्यमान छ । कतिपय अवस्थामा युवाहरूलाई केवल सजावटका वस्तु वा भोटबैंकका रूपमा मात्र प्रयोग गर्ने खतरा पनि रहन्छ । अर्कोतर्फ, राजनीतिमा केवल जोश र ऊर्जा भएर मात्र पुग्दैन, यसका लागि गहिरो अध्ययन, कानूनी प्रक्रियाको ज्ञान, कूटनीतिक चातुर्य र धैर्य पनि आवश्यक हुन्छ । अनुभवको कमीले गर्दा कहिलेकाहीं आवेशमा गरिने निर्णयहरूले प्रत्युत्पादक नतिजा दिन सक्छन् ।

त्यस्तै, वर्तमान समयमा "पपुलिजम" अर्थात् सस्तो लोकप्रियताको मोह अर्को ठूलो चुनौतीका रूपमा देखा परेको छ । सामाजिक सञ्जालमा देखिने क्षणिक वाहवाहीका लागि गरिने निर्णयहरूले दीर्घकालीन राष्ट्रिय हितलाई असर गर्न सक्छन् । त्यसैले, युवा नेतृत्वले लोकप्रियताको सस्तो बाटोभन्दा पनि संस्थागत सुधार र दिगो नीतितर्फ ध्यान केन्द्रित गर्नु अनिवार्य छ । उनीहरूले आफूलाई केवल "फेसबुक र टिकटक" का नेताका रूपमा मात्र सीमित नराखी, ग्राउन्डमा काम गर्ने र प्रणाली बदल्ने नेताका रूपमा स्थापित गर्नुपर्ने ठूलो कार्यभार छ ।

निष्कर्षमा भन्नुपर्दा, नेपाली राजनीति अहिले एउटा ऐतिहासिक संक्रमणकालीन र रूपान्तरणकारी मोडमा उभिएको छ । युवा पुस्ताको सक्रियताले राजनीतिमा प्रश्न गर्ने संस्कृतिको विकास गरेको छ, जसले शक्तिमा बस्नेहरूलाई जवाफदेही बनाउन मद्दत पुऱ्याएको छ ।

यो मोड केवल केही थान पात्रहरूको परिवर्तन मात्र होइन, बरु यो त दशकौंदेखि जकडिएर रहेको सामन्ती र यथास्थितिवादी सोच विरुद्धको प्रहार पनि हो । यदि अहिलेको युवा नेतृत्वले आफ्नो जोशलाई होससँग मिलाएर, सुशासन र विकासलाई केन्द्रमा राखेर काम गर्न सक्यो भने नेपालको लोकतन्त्रले साँच्चै नै नयाँ जीवन पाउनेछ । युवाहरूको प्रवेशले मतदातामा जगाएको आशालाई निराशामा बदल्न नदिनु नै आजको मुख्य चुनौती हो ।

अन्ततः, युवा शक्तिको यो प्रवाह केवल एक लहर मात्र नभएर नेपाली राजनीतिको शुद्धीकरण गर्ने महाअभियान बन्नुपर्दछ । यदि युवाहरूले आफूलाई इमानदार, पारदर्शी र सक्षम प्रमाणित गर्न सके भने नेपालको समृद्धिको सपना टाढा छैन । यो "नयाँ मोड" नेपाली राजनीतिका लागि एउटा यस्तो प्रस्थानविन्दु बन्न सकोस्, जहाँबाट समृद्ध नेपाल र सुखी नेपालीको नारा केवल भाषणमा मात्र सीमित नभई नागरिकको आँगनसम्म पुगोस् ।

*(साभार: अनलाइनखबर)*

# बढ्दो सडक दुर्घटना र रोकथामको सवाल

✍ न्हुंछेनारायण श्रेष्ठ

देशका विभिन्न स्थानमा भएका सडक दुर्घटनामा परी थुप्रै नागरिकले ज्यान गुमाएका छन् भने कैयौं अङ्गभङ्ग भई उपचाररत छन् । एक महिनाभित्र भएका तीनवटा बस दुर्घटनामा परी ४६ जना नागरिकको मृत्यु भएको छ भने ६८ घाइते भएका छन् । गत फागुन १० गते राति पोखराबाट काठमाडौं आउँदै गरेको यात्रुबस पृथ्वी राजमार्गअन्तर्गत धादिङको बेनीघाटमा दुर्घटना भई त्रिशूली किनारमा खस्दा तीन विदेशीसहित १९ जनाको निधन भएको थियो भने २५ घाइते भएका थिए । यसअघि माघ २७ मा रामेछापमा भएको यात्रुवाहक बस दुर्घटनामा १४ जनाको मृत्यु र आठ घाइते भएका थिए । त्यस्तै माघ २२ गते बैतडीमा जन्ती बोकेको गाडी दुर्घटनामा परी १३ नागरिकको मृत्यु र ३५ जना घाइते भएका थिए । रामेछाप दुर्घटनामा परेका एक यात्रु अझै बेपत्ता भएका छन् । यी तीनवटा सडक दुर्घटना ठुला दुर्घटना हुन् । अहिले पनि दिनहुँ छिटफुट सडक दुर्घटना भई नै रहेका छन् ।

हालै भएका यी घटनालाई सूक्ष्मरूपले नियाल्ने हो भने, सडकको दुरवस्था, यान्त्रिक गडबडी, सवारीचालकबीच हुने अस्वस्थ प्रतिस्पर्धा, लामो दूरीमा गुड्ने सवारीसाधनमा दुईजना चालकको व्यवस्था नहुनु, ट्राफिक नियम पालना नहुनु, मौसममा आउने परिवर्तन, मादक पदार्थ सेवन अर्थात् लागूपदार्थ सेवन गरी सवारी चलाउनु र चालकको लापरबाहीका कारण सवारी दुर्घटना हुने गरेका छन् ।

प्रहरीको पछिल्लो विवरणअनुसार यस आर्थिक वर्षको माघसम्म १९ हजार ३ सय ५ दुर्घटनामा १ हजार ५ सय ४५ नागरिकको ज्यान गएको छ । ४ हजार ८ सय ७१ गम्भीर घाइते र २५ हजार ३ सय ५७ सामान्य घाइते भएको तथ्यांक रहेको छ । बढीजसो सवारी दुर्घटना चालकको लापरबाहीले हुने गरेको ट्राफिक कार्यालयले बताए तापनि वास्तविक रुपमा हेर्ने हो भने नेपालजस्तो भूपरिवेष्टित देशमा सडकको दुरवस्था र यान्त्रिक गडबडी नै प्रमुखरुपमा रहेको देखिन्छ ।

अर्कातिर ट्राफिक नियमको पालना नगर्नु र तीव्ररुपमा सवारीसाधन चलाउनु पनि दुर्घटनाको कारण रहेको छ । हालै भएका सडक दुर्घटना नियाल्दा बढीजसो तीव्र गति र मादक पदार्थ सेवन गरेर सवारीसाधन चलाउँदा दुर्घटना हुने तथ्य बाहिरिएको छ । सार्वजनिक सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु राखेर चालकले तीव्र गतिमा सवारी चलाउँदा सवारी साधनको नियन्त्रण गुम्न गई सडक दुर्घटना भएको देखिन्छ ।

लेन अनुशासन पालना नगर्नु, पर्याप्त मात्रामा सडक संकेत नहुनु, जथाभावी विनाइन्जिनियरिङ सडकहरु खोलिनु पनि दुर्घटनाका कारण हुन् । यस्तो बढ्दो सडक दुर्घटनाले पैदल यात्रु, सडक प्रयोगकर्ता र सडकमैत्री बनाउने अभियानमा लागेका सबैलाई चुनौती थपिदिएको छ । अर्कोतर्फ दुर्घटना भइसकेपछि मात्रै सरकारी निकाय र सरोकारवालाहरु बिउँझने र अरु बेला निदाउने परिपाटीले गर्दा सडक दुर्घटनामा कमी आउन सकेको छैन । यसतर्फ सम्बन्धित निकायको ध्यान जानु जरुरी छ । तिनै तहका सरकारहरुले सडकको नाममा उपभोक्ता र यात्रुहरुसँग कर उठाउने तर वर्षौंसम्म पनि सडकको स्तरोन्नति नगर्नु कहाँसम्मको न्यायसंगत हुन सक्छ ? ठेकेदारहरुका लापरबाहीका कारण ठेक्का पाएका सडक र पुलहरु वर्षौंसम्म नबन्नुमा कसको दोष हो ? सडक र पुलका नाममा दु:ख दिनेहरुलाई हदैसम्मको कानुनी कारबाही कहिले गर्ने हो ? सडक निर्माणका लागि म्याद थपेको थपियै किन गरिन्छ ? यसको जवाफ सम्बन्धित निकायले दिनुपर्दछ ।

अहिले पनि देशैभरिका सडकको अवस्था दयनीय बन्न पुगेको छ । सडक निर्माणकै लागि भनेर महिनौं सडक बन्द गरिन्छ । त्यसपछि सडक खुलेको केही महिनामै सडक फेरि बेहाल बन्ने परिपाटी अन्त्यका लागि गुणस्तरीय काम हुनुपर्ने आवश्यकता छ । राजधानीलगायतका मुख्य शहरहरुमा समेत सडक व्यवस्थित रुपमा निर्माण हुन नसक्दा ढलसमेत सडकमै बग्ने र यातायात अवरुद्ध हुने समस्या बढ्न थालेका छन् । सडकको बीचमा भ्वाङ पर्ने, सडकमै पानी बग्ने समस्या दोहोरिरहेका छन् । सडक दुर्घटना न्यूनीकरणका लागि चालक आफैं सचेत, अनुशासित हुनुका साथै सवारीसाधनको अवस्थासमेत राम्रो हुनुपर्ने देखिन्छ । तीव्र गति, मदिरा सेवन र ट्राफिक नियम उल्लंघन गरी जथाभावी सवारी चलाउँदा अकालमै नागरिकले मृत्युवरण गर्न बाध्य पारिएको छ ।

सरकारले सडकसम्बन्धी ठोस कानुन कार्यान्वयनमा कडाइ, समयमै सडक मर्मत, सवारी चालक अनुमतिपत्र दिँदा तालिमलगायतका विषयहरुमा ध्यान दिनु आवश्यक रहेको देखिन्छ । सडक दुर्घटना हुने एउटा कारण पशु चौपाया पनि हो । मुख्य राजमार्गहरुमा जथाभावी पशु चौपाया छोडेका कारण र वर्षौंदेखि राखिएका ट्राफिक संकेत चिह्नहरु नबल्दा थप दुर्घटना बढेको अवश्य हो । राजधानीको कुरा गर्दा चक्रपथ विस्तार गरी सडक चौडा भएको वर्षौं बितिसक्दा पनि पर्याप्त मात्रामा ट्राफिक चिह्नहरु नभएका कारण दिनहुँजसो दुर्घटना हुने गरेको छ । राजधानी काठमाडौंका सडकहरुमा सडक दुरवस्था भएकै कारण दिनदिनै सवारी दुर्घटना हुने क्रम बढ्दै गइरहेको छ । विशेष गरी बिहान र बेलुका चक्रपथबाहिरका साना-ठूला सडकहरुमा ठूला-ठूला ट्रिपरहरु चलाइनाले सडक बिग्रँदै गैरहेको छ भने उपत्यका भित्रिने राजमार्गहरुमा क्षमताभन्दा बढीका सामान आयात-निर्यात हुँदा सडक र पुलहरु कमजोर हुँदै गइरहेका छन् ।

सरकारले सडक सुधार र ट्राफिक व्यवस्थापनका लागि समय-समयमा अनेक नीति-नियम र प्रतिवेदनहरु सार्वजनिक गर्ने गर्दछ तर ती व्यवहारमा कति हदसम्म लागू भए/भएनन् भनेर मूल्यांकन गर्न सकिरहेको छैन । सडक चौडा र फराकिलो हुनेबित्तिकै सवारी दुर्घटना कम हुने होइन । जबसम्म आम सवारी चालक, प्रैदल यात्रुहरुबीच जनचेतना जागृत हुँदैन, तबसमम दुर्घटना घट्न सक्दैन । सडक विस्तारको क्रममा सडकमै रहेको बिजुली र टेलिफोनका पोल र यत्रतत्र छरिएका तारहरुले वातावरण बिगारिरहेका छन् । यसले गर्दा पनि दुर्घटना निम्तिने गरेको छ । यसतर्फ सम्बन्धित निकायको ध्यान जानु आवश्यक देखिन्छ ।

काठमाडौंलगायत मुलुकका विभिन्न शहरमा ट्राफिक व्यवस्थापन गर्नका लागि ट्राफिक चिह्नहरु र जेब्राक्रसहरुको व्यवस्थाका अलावा पर्याप्त पार्किङको व्यवस्था, लेन अनुशासनको पालना, सफा र व्यवस्थित सडक, यात्रुहरुका लागि यात्रु प्रतीक्षालय र समयानुकूल ट्राफिक नियम हुनुपर्दछ । मुलुकका विभिन्न मुख्य शहरहरुमा बाटो विस्तार गरी चौडा बनाइए तापनि जथाभावी मोटर, मोटरसाइकल पार्किङ र अव्यवस्थित फुटपाथका कारण पनि सडक दुर्घटना भइरहेका छन् ।

यस्ता कार्य तुरुन्तै रोक्नुपर्दछ । सडक फराकिलो भएकै कारण भक्तपुर-कोटेश्वर सडक खण्डमा दिनहुँ दुर्घटना भई थुप्रै नागरिकले ज्यान गुमाइसकेका छन् । केही हप्ताअघि बनेपामा ट्रिपरको ठक्करबाट एकजना स्कुटर चालकको निधन भएको थियो । तीव्र गतिका कारण दुर्घटना भएको देखिन्छ । यस्ता घटना दोहोरिन नदिन सबै सचेत र सतर्क हुनुपर्ने देखिन्छ ।

ट्राफिक प्रहरीका अनुसार सडक दुर्घटनाको मुख्य कारण चालकको लापरबाहीलाई लिइएको छ । चालकको लापरबाहीका कारण ६७ प्रतिशत, यात्रुको गल्तीले ४ प्रतिशत, ओभरटेकबाट ४ प्रतिशत, तीव्र गतिका कारण १५ प्रतिशत, यान्त्रिक गडबडीका कारण ४ प्रतिशत र अन्य कारणहरुमा ६ प्रतिशत रहेका छन् । सडक दुर्घटना हुने अन्य प्रमुख कारणहरुमा ट्राफिक नियम कार्यान्वयन नगर्नु, सडकको भौतिक अवस्था, यान्त्रिक कारण, मानवीय कारण, मौसम तथा अन्य विभिन्न कारणहरु रहेका छन् । सवारी चलाउँदा मादक पदार्थ सेवन नगर्ने, चालकले आफ्नो व्यवहार सुधार गर्ने, सवारीसाधनलाई समय-समयमा मर्मत-सम्भार गरी चुस्त-दुरुस्त अवस्थामा राख्न सकिएको खण्डमा दुर्घटना न्यूनीकरण गर्न सकिन्छ । सडकहरु सुधार्ने, मर्मतसम्भार गर्ने, यात्रु तथा पैदल यात्रुहरु सचेत हुने र ट्राफिक नियम पालना गर्न सकिएको खण्डमा सडक दुर्घटनालाई केही हद भए पनि न्यूनीकरण गर्न सकिन्छ ।

नेपालमा सवारी दुर्घटना बढ्नुको थपा कारणमा थोत्रा सवारीसाधन चलाउनु, दशकौंदेखि सडकको स्तरोन्नति नहुनु, खाल्डाखुल्डी, सडकछेउछाउमा बनाइएका अव्यवस्थित भौतिक संरचनाहरु आदि रहेका छन् । ट्राफिक प्रहरीका अनुसार पछिल्लो समय उच्च रक्तचाप, तनाव, मोबाइलको प्रयोग, छारेरोग र अनुभव नभएका चालकहरुका कारण पनि दुर्घटना बढेको छ ।

यस्ता प्रवृत्ति रोक्नका लागि सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ । सरकारले राजमार्गहरुमा ट्राफिकको लाइन र यु-टर्नहरु बनाइदिनुपर्दछ । त्यस्तै गरी जनचेतना दिने खालका होर्डिङ बोर्डहरु राख्नुपर्दछ । चालकहरुले पनि मापसे नगरी, ट्राफिक नियमको पालना गरी, आफ्नो सवारीसाधन चेक गरी, बिग्रेको भए मर्मत गरी होसियारी र सावधानीपूर्वक चलाउनुपर्दछ । राजमार्गलगायत राजधानीका सडकहरुमा जथाभावी चौपाया छोड्नेहरुलाई कडा कारबाही गरिनुपर्दछ । त्यस्तै सडक अवरुद्ध हुने गरी सभा, सम्मेलन, धर्ना दिने कार्यक्रम राख्नुहुँदैन । फुटपाथ पसलहरु हटाइनुपर्दछ । ट्राफिक चिह्नहरु पर्याप्त मात्रामा राख्ने, सडकमा भएका खाल्डाखुल्डी समयमै पुर्ने व्यवस्था गर्न सकिएको खण्डमा पनि केही हदसम्म सडक दुर्घटना न्यूनीकरण हुन सक्छ । त्यस्तै गरी सरकारले गठन गरेको छानबिन समितिको प्रतिवेदनले औंल्याएका विषयहरुलाई पनि कार्यान्वयन गरिनुपर्दछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# स्वास्थ्यको घट्दो बजेट: ज्यान र खल्ती दुवै जोखिममा



काठमाडौं/संविधानले नागरिकका आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरेको छ । तर व्यवहारमा स्वास्थ्य सेवा महँगो र नागरिकको पहुँचभन्दा टाढा हुँदै गएको छ । सरकारी प्रतिबद्धता र बजेट भाषण कागजमै सीमित हुँदा नागरिकको जीवन र आर्थिक अवस्था दुवै जोखिममा परिरहेको छ । सरकारी तथ्यांकले सो अवस्थाको दृष्टान्त छर्लङ्ग पार्छ । नेपालमा उपचारका लागि खर्च हुने प्रत्येक १०० रुपैयाँमध्ये ५४ रुपैयाँ नागरिकले आफ्नै खल्तीबाट तिर्नुपर्छ ।

अझ, नि:शुल्क भनिएको आधारभूत सेवा नपाएर करिब ३१ प्रतिशत नागरिक बाध्य भएर ठूला अस्पताल धाउनुपर्छ । राज्यको 'नि:शुल्क स्वास्थ्य सेवा' नीति व्यवहारमा असफल देखिन्छ । स्वास्थ्य उपचार खर्चकै कारण हरेक वर्ष ५ लाखभन्दा बढी नागरिक गरिबीको रेखामुनि धकेलिन्छन् । यस्तो जटिल परिस्थितको कारण पनि स्वास्थ्य क्षेत्र सधैंजसो राजनीतिक नारामा सीमित रहने र बजेटमा उपेक्षित हुने प्रवृत्ति दोहोरिँदै आएको छ ।

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई दिइएको बजेट सिलिङले यही प्रवृत्तिलाई पुष्टि गरेको छ । राष्ट्रिय योजना आयोगले ४३ अर्ब २३ करोड १८ लाखको सीमा भित्र योजना बनाउन निर्देशन दिएको छ । जुन चालु वर्षको तुलनामा झन्डै ९ अर्ब कम हो । अघिल्लो वर्ष ५२ अर्ब ५२ करोड रुपैयाँको सिलिङ तोकिएकोमा पछि थप बजेटसमेत दिइएको थियो । तर यसपटक सुरुदेखि नै घटाएर पठाइएको बजेटले स्वास्थ्य क्षेत्र राज्यको प्राथमिकतामा नपरेको स्वास्थ्यविज्ञ बताउँछन् ।

स्वास्थ्य मन्त्रालयका अनुसार ३१ अर्ब ९३ करोड ७८ लाख रुपैयाँ चालु खर्च र ११ अर्ब ३२ करोड ४० लाख पूँजीगत खर्चका लागि छुट्याइएको छ । स्रोत व्यवस्थापनमा पनि आन्तरिक स्रोतमा बढी निर्भरताले दीर्घकालीन पूर्वाधार विकासमा चुनौती थप्ने छ । चालु आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय तह गरी ९५ अर्ब ८१ करोड रुपैयाँ स्वास्थ्य क्षेत्रमा खर्च छुट्याइएको थियो । तर आगामी आर्थिक वर्षका लागि संघीय तहकै बजेट कटौतीले तल्लो तहसम्म प्रभाव पार्ने निश्चित छ ।

विश्व स्वास्थ्य संगठनले कूल बजेटको कम्तीमा १० प्रतिशत स्वास्थ्य क्षेत्रमा छुट्याउनुपर्ने मापदण्ड तय गरेको छ । नेपालमा भने यो हिस्सा करिब ४ प्रतिशतमै सीमित छ । स्वास्थ्य सचिव डा. विकास देवकोटाले स्वास्थ्यको चालु आर्थिक वर्षको भन्दा सिलिङ घटेर आएको जानकारी दिए ।

डा. देवकोटाका अनुसार सिलिङ घटेर आउँदा नियमित कार्यक्रममा समेत समस्या पर्न जान्छ । 'स्वास्थ्यमा बजेट घट्दा कुनै काम हुँदैन । स्वास्थ्य बीमा, आमा सुरक्षा, विपन्न, भौतिक पूर्वाधार निरन्तर चलिरहने कार्यक्रम असर पर्न सक्छ,' डा. देवकोटाले संचारकर्मीसँग भने, 'जनतालाई सहुलियतका लागि दिएका कार्यक्रम निरन्तर भइराखनुपर्छ । अनिवार्य दायित्व पूरा गर्न बजेट बढाउन आवश्यक छ ।'

न्यून लगानीका कारण संविधानले प्रत्याभूत गरेको स्वास्थ्य अधिकार पनि कार्यान्वयन गर्न नसकिने जनस्वास्थ्यविद् डा. शरद वन्त बताउँछन् । स्वास्थ्य सेवाको माग घटेको छैन, झन् बढ्दो छ । नसर्ने रोगको भार तीव्र रूपमा बढिरहेको छ । तीन दशकदेखि स्वास्थ्य क्षेत्रमा दरबन्दी विस्तार हुन सकेको छैन । यसले सेवा प्रवाहमा चाप थपेको छ । स्वास्थ्य क्षेत्रमा पूर्वाधार निर्माणमा बजेट अभावले काम रोकिएका छन् ।

सरकारले अस्पताल नभएका स्थानीय तहहरूमा दुई वर्ष भित्र भवन निर्माण गरिसक्ने लक्ष्य लिएकोमा पाँच वर्ष नाघिसक्दा पनि सञ्चालन तथा निर्माण कार्य सम्पन्न हुन सकेको छैन । नेपालका सरकारी स्वास्थ्य संस्थामा अपवाद बाहेक अधिकांश जटिल रोगका विशिष्टीकृत सेवाका लागि दरबन्दी सिर्जना गरिएको छैन । एकातिर विशेषज्ञ जनशक्ति कम उत्पादन हुँदा रोग पहिचान र उपचारमा नागरिकले समस्या भोगिरहेका छन् ।

अर्कोतिर, स्वास्थ्यकर्मी विदेश पलायन भइरहेका छन् । यहीं अध्ययन गरेका चिकित्सकलाई काम गर्ने वातावरण बनाउन नसक्दा विदेश पलायन हुने क्रम वार्षिक दोब्बर बन्दै गएको छ । त्यसैगरी, सरकारले आधारभूत स्वास्थ्य सेवा बाहेकका सेवा स्वास्थ्य बीमाबाट दिने नीति लिएको छ ।

तर, सरकारले अघि बढाएको स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी भएको छैन । बीमाप्रति आम मानिसको भरोसा टुट्दै गएको छ । स्वास्थ्य बीमाको पहिलो चुनौती नै गुणस्तरीय सेवाको उपलब्धता बनेको छ । अधिकांश सेवा प्रदायक स्वास्थ्य संस्थामा न जनशक्ति पर्याप्त छ न त पूर्वाधार र उपकरण । पछिल्ला दिनमा बीमा कार्यक्रम नै आर्थिक संकटमा पर्दा कार्यक्रम अस्तव्यस्त बनेको छ । चालु आर्थिक वर्षका लागि सरकारले १० अर्ब बजेट छुट्याएको थियो । तर बोर्डको दायित्व भने २६ अर्बभन्दा बढी हुन्छ । फागुन मसान्तसम्म नै बोर्डले सेवा प्रदायक संस्थालाई १६ अर्ब तिर्न बाँकी छ ।

तर, आगामी आर्थिक वर्षका लागि सरकारले बीमा बोर्डलाई १२ अर्ब छुट्याएको छ । बजेट अभावकै कारण भुक्तानी नपाउँदा कतिपय सेवा प्रदायकले सेवा बन्द गरिसकेका छन् । वीर अस्पताल लगायतका सरकारी अस्पतालहरूले समेत सेवा कटौती गर्न थालेका छन् । वर्षौंदेखि उपेक्षामा परेकाले स्वास्थ्य क्षेत्रको सूचक दयनीय छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य प्रतिवेदन, २०२२ का अनुसार, जीवित जन्मेका एक हजार बालबालिकामध्ये पाँच वर्ष मुनिका ३३ जनाको र एक वर्ष मुनिका २८ जनाको मृत्यु हुन्छ । त्यस्तै, २८ दिन भित्र हुने नवजात शिशु मृत्युदर प्रति हजारमा २१ छ ।

नेपालमा किशोरी अवस्थाको प्रजनन् दर उच्च छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार, १५ देखि १९ वर्ष उमेर समूहका १४ प्रतिशत किशोरीहरू गर्भवती हुने गर्छन् । नेपालको कानुनले महिलाको हकमा २० वर्ष मुनिकालाई बिहे गर्न अनुमति दिएको छैन । १४ प्रतिशत किशोरी यो उमेरमा गर्भवती हुनुले डरलाग्दो अवस्था देखाउँछ । बजेट अभावकै कारण कार्यक्रम प्रभावकारी रूपमा विस्तार गर्न नसक्दा दिगो विकास लक्ष्यमा पुग्न नसकिने विज्ञ बताउँछन् ।

स्वास्थ्य मन्त्रालयका नीति, योजना तथा महाशाखा प्रमुख डा. चुमनलाल दास आगामी आर्थिक वर्षको तोकिएको सिलिङमा रहेर काम गर्दा पूर्वाधार विकास, सेवा विस्तार र प्रविधि व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पर्ने बताउँछन् । देशभर स्थानीय तहमा ५ देखि १५ शय्यासम्मका आधारभूत अस्पताल निर्माण भइरहेको छ । तर बजेट अभावका कारण ती अस्पताल सञ्चालन, व्यवस्थापन तथा आवश्यक जनशक्ति सुनिश्चित गर्न कठिन हुने देखिन्छ ।

'बन्दै गरेका पूर्वाधारलाई निरन्तरता दिन र सञ्चालनमा ल्याउनै समस्या हुने अवस्था बन्छ,' डा. दास भन्छन् । संघीय तथा प्रादेशिक अस्पतालहरूमा पनि नयाँ प्रविधि, उपकरण तथा सेवा विस्तारमा असर पर्छ । स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि आवश्यक टेक्नोलोजी र उपकरणमा लगानी गर्नुपर्ने बेला बजेट घट्नु चुनौतीपूर्ण हुने उनको भनाइ छ । त्यस्तै, सरकारले प्राथमिकतामा राखेको स्वास्थ्य बीमा कार्यक्रम पनि अपेक्षाअनुसार विस्तार हुन नसक्ने जोखिम रहेको उनले औंल्याए ।

'बीमा कार्यक्रमका लागि १२ अर्ब मात्रै छुट्याइएको बजेटले नपुग्ने स्पष्ट छ,' डा. दास भन्छन्, 'बीमामार्फत नै गरिब नागरिकलाई ठूलो राहत भएको छ । बीमालाई प्राथमिकतामा राख्न सकिएन भने निमुखा नागरिक उपचारबाट वञ्चित हुन्छन् ।' डा. दासले बजेट अभावका कारण थप जनशक्ति व्यवस्थापनमा पनि समस्या आउने बताए । आधारभूत अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालनका लागि आवश्यक चिकित्सक, नर्स र प्राविधिक जनशक्ति थप्नुपर्ने भए पनि त्यसका लागि पर्याप्त स्रोत सुनिश्चित नभएको उनको भनाइ छ । यद्यपि, नयाँ सरकार र नेतृत्व आएपछि बजेट पुनरावलोकन र थप स्रोत व्यवस्थापनका लागि पहल गर्ने डा. दास बताउँछन् । 'अहिले बजेट भित्रै रहेर योजना बनाउने अभ्यासमा छौं। आगामी दिनमा आवश्यक थप बजेटका लागि पहल गर्छौं,' दासले भने ।

**विज्ञ भन्छन् : लगानीले प्रतिफल दिन्छ भनेर बुझाउन सकिएन**

जनस्वास्थ्यविद् डा. शरद वन्त स्वास्थ्यका विषयमा राज्य अझै संवेदनशील नहेरेको टिप्पणी गर्छन् । 'राज्यले कूल बजेटको ४ प्रतिशतको हाराहारीमा मात्रै स्वास्थ्यको बजेटलाई सीमित गर्दै आएको छ,' डा. वन्त भन्छन्, 'यस्तो प्रवृत्तिले स्वास्थ्यलाई राज्यले प्राथमिकतामा राख्न नसकेको देखाउँछ ।' राजनीतिक दलहरूले घोषणापत्रमा स्वास्थ्य क्षेत्रमा लगानी बढाउने प्रतिबद्धता जनाउँदै आए पनि व्यवहारमा उक्त प्रतिबद्धता इमानदारीपूर्वक कार्यान्वयन हुन नसकेको उनको भनाइ छ ।

स्वास्थ्य बीमा कार्यक्रम लगायत आधारभूत स्वास्थ्य सेवामा देखिएका समस्या उदाहरण दिँदै वन्तले स्रोत अभाव र कमजोर व्यवस्थापनले सेवा प्रवाह प्रभावित भएको बताए । डा. वन्त भन्छन्, 'बीमा कार्यक्रम नै संकटमा परेको अवस्थामा स्रोत कटौती गर्नु झन् जटिल अवस्था सिर्जना गर्ने कदम हो ।' उनका अनुसार स्वास्थ्य क्षेत्रमा लगानीलाई खर्च नभई दीर्घकालीन प्रतिफल दिने क्षेत्रका रूपमा बुझ्न राज्य असफल भएको छ । कडा खालका नसर्ने रोगहरूको रोकथाममा गरिएको १ डलरको लगानीले ७ डलर बराबरको प्रतिफल प्राप्त हुन्छ । बालबालिकालाई दिइने खोपमा गरिने १ डलर लगानीले १६ अमेरिकी डलर बराबरको प्रतिफल प्राप्त हुन्छ । त्यसैगरी मातृ र बाल स्वास्थ्यका क्षेत्रमा गरेको १ डलरको लगानीले ४ दशमलव २० डलर बराबरको प्रतिफल दिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'मालती मंगले'को 'सुनैको सपनी' गीतमा माया साट्दै विजय र वर्षा



काठमाडौं/गायक रामकृष्ण ढकालले पहिलो पटक निर्माण गरेको फिल्म 'मालती मंगले'को पहिलो गीत 'सुनैको सपनी' सार्वजनिक गरिएको छ । बुधबार काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच निर्माण पक्षले प्रेमिल भावको उक्त गीत सार्वजनिक गरेको हो । गीतमा गायक ढकाल र रचना रिमालको स्वर रहेको छ भने आनन्द अधिकारीको शब्द तथा उज्जवल सागरको संगीत छ ।

कथावाचन शैलीमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी विजय बराल र वर्षा राउतलाई देख्न सकिन्छ । श्रीमान्-श्रीमतीको भूमिकामा रहेका उनीहरूको आपसी प्रेम र समर्पणलाई भिडियोमा उतारिएको छ । दुवैको केमेस्ट्री सुन्दर देखिएको छ । भिडियोका दृश्यमार्फत निर्देशकले मुख्य पात्रको सम्बन्धलाई दर्शाउँदै कथावस्तुबारे झलक दिन खोजेको देखिन्छ ।

गीत सार्वजनिक कार्यक्रममा बोल्दै निर्माता ढकालले राष्ट्रकवि माधवप्रसाद घिमिरेको ऐतिहासिक गीति नाटक 'मालती मंगले'मा फिल्म आधारित नरहेको स्पष्ट पारे । उनले भने, 'यो फिल्म राष्ट्रकविको नाटकमा आधारित होइन । हाम्रै वरपर रहेको तर त्यो दृष्टिकोणबाट नहेरिएको एउटा सामाजिक प्रेमकथा हो । कथा मात्र नभएर यसलाई सांगीतिक प्रेमकथा पनि भन्न सकिन्छ ।'

प्रकु पाण्डेयको निर्देशनमा बनेको यस फिल्ममा विजय र वर्षासहित मेक्सम गौडेल, प्रकाश घिमिरे, सरिता गिरी, सुस्मा निरौला, सुनिल तामाङ, उमेश सुनाम, शकु शाह, सुचित्रा उप्रेती, दिनेश शाही, रिजन परियार लगायतका कलाकारहरूको अभिनय रहेको छ । फिल्ममा निर्देशक पाण्डेय स्वयंको कथा छ भने पटकथा तथा संवाद संयोग गुरागाईंले लेखेका हुन् ।

आगामी बैशाख २५ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्मको कार्यकारी निर्माता सागर ज्ञवाली हुन् । बाबु सुवेदी, रविन श्रेष्ठ, वेदना कर्माचार्य श्रेष्ठ, पद्मावती गुरुङ र स्वीकृति बस्नेत सह-निर्माता रहेको फिल्ममा महेश पौडेलको छायांकन, रोमी मोजेजको सम्पादन, डिकेश खड्गीको ध्वनि मिश्रण तथा कृष्ण भण्डारीको रंग संयोजन छ ।

# 'जलाकी'मा सोनमले दोस्रो मौका पाउँदा धीरज बाहिरिए




काठमाडौं/नेपाली फिल्ममा कलाकार हेरफेर हुनु सामान्य मानिन्छ । छायांकन भइरहँदा समेत कलाकार फेरिने गर्छन् । तर, फिल्म 'जलाकी'को हकमा भने कलाकार फेरबदलको प्रक्रिया रोचक देखिएको छ । २०८१ सालको चैतमा फिल्मको शुभ मुहूर्त गर्दा मुख्य अभिनेताको रुपमा सोनम तोप्देन थिए । अभिनेत्री उपासना सिंह ठकुरीसँग जोडी बाँध्ने गरी उनलाई फिल्ममा लिइएको थियो ।

तर, मुहूर्तपछि लामो समय छायांकन नहुँदा सोनम अर्को फिल्म 'ऐरी'मा जोडिए । यो फिल्मको छायांकनको क्रममा उनी खुट्टा भाँचिएर घाइते भएपछि 'जलाकी'का निर्माताले उनलाई विशेष भूमिकामा राख्दै धीरज मगरलाई मुख्य भूमिकामा अनुबन्धित गरे । तर, यसपछि पनि ११ महिनासम्म छायांकन हुन सकेन । जसले गर्दा फिल्ममा फेरि कलाकार हेरफेर भएका छन् ।

सोनम पूर्ण रुपमा निको भएसँगै उनलाई 'जलाकी'मा पुरानै भूमिकामा फर्काइएको छ भने धीरज फिल्मबाट बाहिरिएका छन् । उनी सहमतिमै फिल्मबाट अलग भएको जनाइएको छ । सोनम मुख्य भूमिकामा फर्किएसँगै करिब ९ दिनदेखि कास्कीका विभिन्न ठाउँमा फिल्मको छायांकन भइरहेको छ । यसका निर्देशक अशोक थापा मगर हुन् ।

मगर समुदायको कथामा आधारित यस फिल्ममा सोनम र उपासनासहित साहारा हाङमा लिम्बू, शिल्पा मास्के, माओत्से गुरुङ, बुद्धि तामाङ, अस्तित्व भट्टचन, खड्क बहादुर पुन (खबपु) लगायतको पनि अभिनय रहनेछ । फिल्मका निर्माताहरूमा ओम घर्ति मगर, बिर बहादुर लामा, चन्द्र बहादुर भट्टचन, बेताने मगर, मान बहादुर धनाह मगर र सुस्मिता बुढाथोकी रहेका छन् ।


**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'

**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**

मिति: २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

**राष्ट्रिय तेक्वान्दो प्रतियोगिता**
२०८२ चैत्र ११, १२ र १३ गते

**खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता**
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

**जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता**
२०८२ फागुन २९ गते

**जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता**
२०८२ फागुन २९, ३० गते

**जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता**
२०८२ चैत्र १, २ र ३ गते

**जिल्ला स्तरीय कराते प्रतियोगिता**
२०८२ चैत्र ९ र १० गते



# आगामी वर्ष प्रदेश-स्थानीय तहलाई डेढ खर्ब वित्तीय अनुदान

साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/आगामी आर्थिक वर्ष २०८३/८४ मा स्थानीय र प्रदेश सरकारलाई कुल १ खर्ब ५१ अर्ब ७० करोड ७८ लाख रुपैयाँ बराबर वित्तीय समानीकरण अनुदान पाउने भएका छन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले नेपाल सरकारलाई यस्तो सिफारिस गरेको हो । आयोगका अनुसार आगामी आव ७ प्रदेशमा ६१ अर्ब ५० लाख ३२ हजार र ७ सय ५३ स्थानीय स्थानीय तहलाई ९० अर्ब २० करोड ४६ लाख बराबर वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस गरेको हो । वित्तीय समानीकरण अनुदान निशर्त अनुदान हो । जसलाई तल्ला सरकारले आफ्नो बजेटअनुसार खर्च गर्न सक्छन् । वित्तीय समानीकरण अनुदानको मूल उद्देश्य प्रदेश र स्थानीय सरकारको खर्चको आवश्यकता र राजस्व क्षमताको फरकबाट सिर्जना हुने वित्तीय अन्तर घटाइ सन्तुलन कायम गर्नु हो ।




आयोगकाअनुसार आगामी आर्थिक वर्षका लागि चालु आवको तुलनामा सामान्य बढ्ने गरी अनुदान सिफारिस गरिएको छ । चालु आवका लागि आयोगले कुल १ खर्ब ४९ अर्ब ६२ करोड ८० लाख रुपैयाँ वित्तीय समानीकरण अनुदान सिफारिस गरेको थियो । जसमध्ये प्रदेश सरकारका हकमा ६० अर्ब ६६ करोड र स्थानीय तहका हकमा ८८ अर्ब ९६ करोड ८० लाख अनुदान सिफारिस भएको थियो । आयोगका अनुसार यसवर्ष वित्तीय समानीकरणमा न्यूनतम सीमा ७ करोड राखिएको छ ।

आयोगले वित्तीय समानीकरण अनुदानका लागि न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादन मूल्यांकन आधार मानेर गणना गर्छ । सोही आधारमा गणना गर्दा कुल ४० स्थानीय तहले ७ करोड रुपैयाँभन्दा कम रकम पाउने देखिएको थियो । तर, स्थानीय तहले संविधानप्रदत्त कार्य जिम्मेवारी पूरागर्न यो रकम पर्याप्त नहुने ठहर गरी आयोगले महानगरपालिकाको सूत्रबापत र कममा १०.८० प्रतिशतले कटौती गरी सोही रकम अपुग ४० स्थानीय तहलाई थप गरी न्यूनतम ७ करोडको सीमा पुऱ्याएको आयोगले जनाएको छ ।

यस आधारमा गरिन्छ वित्तीय समानीकरण अनुदान सिफारिस वित्त आयोगले कुल तीन प्रकारका आधारमा वित्तीय समानीकरण अनुदान निर्धारण गर्छ । त्यसमध्ये पहिलो आधार न्यूनतम अनुदान हो । ७ प्रदेशका लागि न्यूनतम वित्तीय समानीकरण अनुदान कुल १५ अर्ब ३७ करोड ५८ लाख निर्धारण गरिएको छ । जुन प्रदेशले पाउने कुल वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत हो । जसमा जनसंख्या र क्षेत्रफललाई ५०/५० प्रतिशत भार दिई प्रदेशले पाउने न्यूनतम हिस्सा निर्धारण गरिएको छ ।

यसअनुसार सबैभन्दा धेरै कोशी प्रदेशले २ अर्ब ८२ करोड र सबैभन्दा कम कर्णाली प्रदेशले १ अर्ब ७८ अर्ब रुपैयाँ पाउने छन् । स्थानीय तहका लागि न्यूनतम अनुदान कुल ३० अर्ब ८३ करोड छुट्याइएको छ । यो स्थानीय तहले पाउने न्यूनतम वित्तीय समानीकरण अनुदानको ३४.१८ प्रतिशत हिस्सा हो । स्थानीय तहका हकमा १० हजारभन्दा कम जनसंख्या भएको स्थानीय तहले १ करोड ७५ लाख न्यूनतम अनुदान पाउने छन् । २ लाख भन्दा बढी जनसंख्या भएको स्थानीय तहले ६ करोड ७५ लाख रुपैयाँ न्यूनतम अनुदान पाउने गरी निर्धारण गरिएको छ ।

सूत्रमा आधारित अनुदान तर्फ सबैभन्दा धेरै रकम राखेर अनुदान सिफारिस गरिन्छ । जसमा मानव विकास सूचकांक, आर्थिक सामाजिक असमानता, पूर्वाधार विकासको अवस्था र खर्चको आवश्यकतालाई छुट्टाछुट्टै भार दिएर सूत्र निकाल्ने गरिन्छ । प्रदेशहरुले सुत्रमा आधारित अनुदानतर्फ ४३ अर्ब ६६ करोड पाउने छन् । यसमा सबैभन्दा धेरै कर्णालीले ८ अर्ब ५४ करोड रुपैयाँ पाउने भएको छ । स्थानीय तहका हकमा सूत्रमा आधारित अनुदान ५५ अर्ब ७६ करोड सिफारिस गरिएको छ ।

तेस्रो अनुदान कार्य सम्पादन मूल्यांकनमा आधारित हुन्छ । जसका लागि स्थानीय तहलाई ३ अर्ब ६० करोड र प्रदेशलाई २ अर्ब ४६ करोड अनुदान सिफारिस गरी कुल ६ अर्ब ६ करोड अनुदान सिफारिस गरिएको छ । प्रदेशको कार्यसम्पादन मूल्यांकनलाई ११ सूचक र स्थानीय तहका हकमा १७ वटा सूचक तयगरी अंकभार दिने गरिन्छ । जसको नतिजा आयोगले यसअघि नै सार्वजनिक गरेको थियो । वित्त आयोगले वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा अन्य तीन प्रकारका अनुदान ससर्त, समपूरक र विशेष अनुदानलाई न्यूनगर्न सुझाव दिएको छ । बरु त्यसबाट प्राप्त हुने रकम समेत वित्तीय समानीकरण अनुदानका माध्यमबाटै पठाउन सुझाव दिएको छ ।

यस्तो अनुदान राष्ट्रिय रुपमा पछाडि परेका प्रदेश र स्थानीय तहलाई राष्ट्रियऔसतको स्तरमा ल्याउन खर्च गर्नसमेत आयोगले भनेको छ । आयोगले स्थानीय र प्रदेश सरकारबाट यस्तो अनुदान रकम सामान्य प्रशासनिक खर्चमा उपयोग गर्न नहुने स्पष्ट पारेको छ । पारिश्रमिक, भ्रमण, विविधखर्च, सभा सञ्चालन, उपदान सहित कार्यक्रममा आफ्नै आन्तरिक स्रोतबाट खर्चको जोहो गर्न आयोगले सचेत गराएको छ ।

# बागमतीको नेतृत्व सन्दिपले गर्ने



साझाकुरा संवाददाता

हेटौंडा, ४ चैत/ प्रधानमन्त्री (पीएम) कप एकदिवसीय क्रिकेटका लागि बागमती प्रदेशको टोली घोषणा भएको छ । बागमती प्रदेश क्रिकेट संघले स्पिनर सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्यीय टोलीको घोषणा गरेको हो ।

टोलीमा सन्दीपसहित इशान पाण्डे, आशुतोष घिरैया, उत्तम थापामगर, शिवम तिवारी, विवेक रानामगर, दयानन्द मण्डल र रिजन ढकालले स्थान बनाएका छन् । यस्तै सुभाष खत्री, सोनु देवकोटा, सचिन लेखक, रिङ्जिन लामा, पवनबहादुर थापा, प्रतिश जिसी र शुभ कन्साकार पनि टोलीमा समावेश छन् । रित गौतम, सूर्य तामाङ, दीपेश श्रेष्ठ, आदिल खान र अविनाश वस्याल रिजर्भ खेलाडीको रुपमा छन् ।

पीएम कप क्रिकेट ७ चैतबाट सुरु हुँदैछ । बागमतीले चार खेल काठमाडौंमा खेलेपछि बाँकी खेल काठमाडौंबाहिर खेल्नेछ । बागमतीले पहिलो खेल ८ चैतमा एपीएफ क्लबसँग माथिल्लो मुलपानी क्रिकेट मैदानमा खेल्नेछ ।

दोस्रो खेल त्रिवि क्रिकेट मैदानमा १० चैतमा गण्डकी प्रदेशसँग खेल्नेछ । तेस्रो खेल १२ चैतमा नेपाल पुलिस क्लबसँग माथिल्लो मुलपानीमा खेल्नेछ भने चौथो खेल १५ चैतमा त्रिभुवन आर्मी क्लबसँग मुलपानीमै खेल्नेछ ।

# आन्तरिक ऋृण कुनै हालतमा चालु र प्रशासनिक खर्चमा प्रयोग नगर्न सिफारिस

काठमाडौं/राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आन्तरिक ऋृण चालु र प्रशासनिक खर्चमा परिचालन गर्न कडाइसाथ निषेध गर्न सिफारिस गरेको छ । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संघ, प्रदेश र स्थानीय तहले लिन सक्ने आन्तरिक ऋृण सीमा तोक्दै आयोगले यस्तो सिफारिस गरेको हो । आयोगले हरेक वर्ष जस्तै आगामी आवका लागि समेत कुल गार्हस्थ उत्पादन (जीडीपी) को ५.५ प्रतिशतमा नबढ्ने गरी संघीय सरकारले आन्तरिक ऋृण परिचालन गर्न सक्ने गरी सीमा तोकेको छ ।

प्रदेशका हकमा नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋृण उठाउन सक्ने गरी आयोगले सीमा तोकेको छ ।

स्थानीय सरकारका हकमा आगामी आवमा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम र आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी नेपाल सरकारको स्वीकृतिमा आन्तरिक ऋृण लिन सक्ने गरी सीमा तोकिएको छ ।

सोही सन्दर्भमा आन्तरिक ऋृण परिचालनका लागि सुझाव दिँदै आयोगले प्रशासनिक र चालु खर्चमा कडाइसाथ निषेध गर्न भनेको हो । 'आन्तरिक ऋृण उपयोग रोजगारीको अवसर सिर्जना गर्न सक्ने, दीर्घकालीन लाभ प्रदान गर्ने तथा पूँजी निर्माणमा योगदान गर्न सक्ने आयोजनाका लागि विनियोजन गर्ने, चालु र प्रशासनिक खर्चमा कडाइसाथ निषेध गर्ने,' आयोगले भनेको छ ।

अहिले सरकारले आन्तरिक स्रोतबाट मुस्किलले मात्र चालु खर्च धान्न सक्ने अवस्था छ । तर, सरकारले आन्तरिक ऋृण उठाएर कुन शीर्षकमा कसरी खर्च गर्छ भन्ने सार्वजनिक गरिँदैन । सोहीकारण सार्वजनिक ऋृण परिचालन उपयोगितामाथि निरन्तर प्रश्न उठेको छ । वाह्य ऋृण भने आयोजनागत प्राप्त हुने हुँदा तुलनात्मक रूपमा कहाँ खर्च भइरहेको छ भन्ने देखिन्छ ।

अर्थ मन्त्रालयको आँकडा अनुसार कुल आन्तरिक ऋृण परिचालनमा अधिकांश हिस्सा आन्तरिक ऋृणको साँवा फिर्तामै प्रयोग भएको देखिन्छ । यसले कुल आन्तरिक ऋृण परिचालन न्यून रहेको देखिन्छ । आव २०८१/८२ मा खुद आन्तरिक ऋृण परिचालन जीडीपीको १.४१ प्रतिशतमात्र रहेको देखिएको छ । ऋृण सेवा खर्च बढ्दै गएका कारण परिचालित अधिकांश आन्तरिक ऋृण पुरानो ऋृण भुक्तानीमा खर्च भएको हो ।

यस प्रवृत्तिका कारण पूँजी निर्माण हुने र अर्थतन्त्र विस्तारमा अपेक्षित योगदान पुग्न नसकेको आयोगको विश्लेषण छ । अर्कातर्फ आयोगले आव २०७५/७६ र त्यसभन्दा पछिल्ला वर्ष गरेको सिफारिसमा सरकारलाई पूँजी निर्माणमा खर्च गर्न भनेको छ ।

तर, नेपाल सरकारले कुन क्षेत्रमा आन्तरिक ऋृण परिचालन भयो भन्ने विवरण सार्वजनिक गर्न सकेको छैन । सोहीकारण आयोगले भनेको छ, 'ऋृण उपयोग र सुझाव कार्यान्वयन सम्बन्धी विश्लेषण हुन सकेको छैन ।' नाफामूलक आयोजनामा लगानी बढाऊ आयोगले आयोजनाहरूको लागत लाभ विश्लेषण, कुल वर्तमान मूल्य र आन्तरिक प्रतिफल दर विश्लेषण गरी प्रचलित पूँजीको लागतभन्दा वित्तीय आन्तरिक प्रतिफल दर बढी भएका नाफामूलक आयोजनामा आन्तरिक ऋृण केन्द्रित गर्न भनेको छ ।

यसबाहेक आन्तरिक प्रतिफल दर बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋृण उपयोग गर्नसमेत आयोगले भनेको छ । ऋृण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजना पहिचान, विकास र छनोट गर्दा अन्य विषयका अतिरिक्त आयोजना तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋृण लगानीको साँवा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चित गर्न भनिएको छ ।

## भुल सुधार

यस साझाकुरा राष्ट्रिय दैनिकको मिति २०८२ चैत्र ४ गते को अंकमा पृष्ठ ४ मा प्रकाशित श्री निर्मल माध्यमिक विद्यालयको 'सूचिकृत हुन सम्बनधमा' विज्ञानमा विद्यालयको ठेगाना **'हेटौडा उपमहानगरपालिका-१९, बस्तीपुर'** हुनु पर्नेमा भुलबस अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

## वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,
- वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापखाना